# आर्थिक वर्ष ०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट

## बृन्दावन नगरपालिका

### रौतहट जिल्ला

मधेश, प्रदेश, नेपाल

"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र रोजगार : बृन्दावन नगरपालिकाको सम्बृद्धिको आधार"

**Website:-** www.brindawanmun.gov.np **E-mail Address:-** brindawanmun@gmail.com

# "शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र रोजगारः बृन्दावन नगरपालिकाको समृद्धिको आधार"

**मन्तव्य**

बृन्दावन नगरपालिकाको नगर सभाको नवौँ अधिवेशनका सभा अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यू, अतिथि ज्यूहरु, नगर सभा सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, पूर्व नगर प्रमुख ज्यू, पूर्व नगर उप-प्रमुखज्यू, राजनितिक दलका प्रतिनिधिज्यूहरु, पूर्व वडा अध्यक्ष ज्यूहरु, पूर्व जनप्रतिनिधि ज्यूहरू, सुरक्षा निकायका प्रमुख ज्यूहरु, पत्रकार ज्यूहरु, नगरपालिकाका विषयगत शाखाका प्रमुखज्यूहरु, उपस्थित प्रधानाध्यापक ज्यूहरु, राष्ट्र सेवक कर्मचारीज्यूहरु तथा उपस्थित आदरणीय नगरबासी दाजुभाई तथा दिदिबहिनिहरु,

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिर्वतनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, मधेश आन्दोलन त्याग र बलिदानीको गौरवपूर्ण ईतिहासलाई स्मरण एवम् ज्ञातअज्ञात सहिदहरुलाई सम्मान गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रत्मक व्यवस्थाको थालनीसँगै संघीयता लागू भई तीन तहको सरकारको अभ्याससँगै स्थानीय सरकारको अभ्यासका क्रममा रौतहट जिल्लाको बृन्दावन नगरपालिकाको नगरसभाको नवौँ अधिवेशन र दोस्रो कार्यकालको चौथो ऐतिहासिक यस नगर सभामा सहभागी सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु।

बृन्दावन नगरपालिकाको नगर सभाको यस गरिमामय बैठकमा बृन्दावन नगरपालिकाको कार्यपालिकाको सदस्यको हैसियतले अगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । सम्वत् २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई हामीले कार्यभार सम्हालेको तीन वर्ष पूरा भई चौथो वर्षमा प्रवेश गरेको छ । यस अवधिमा नगरको विकास, समृद्धि र सुशासन कायम गर्ने दिशामा निकै महत्वपूर्ण कार्यहरूको थालनी गरिएको छ । यस कार्यमा नगरबासी तथा सरोकारवाला निकायहरूबाट भएको सहयोग, सहकार्य र समन्वयको लागि बृन्दावन नगरपालिका धन्यवाद ज्ञापन गर्दछ।

मुलतः स्थानीय जनताको सार्वभौम अधिकारलाई प्रचलन गराउने तथा चुस्त, दुरूस्त र प्रभावकारी सेवा प्रवाह गर्ने हाम्रो अभिलाशा हो। जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने, वडा कार्यालयहरूको संस्थागत क्षमता विकास, स्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्ने कार्यलाई विशेष प्राथमिकतामा राखेका छौँ। शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र रोजगारी विशेष प्राथमिकता दिंदै नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु। आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वियन गर्न आम नगरवासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभावहरूको सहयोग, समन्वय र सहकार्य रहने कुरामा म विश्वस्त रहेको छु।

गत आर्थिक वर्षमा प्रस्तुत गरिएको नीति तथा कार्यक्रमका कतिपय नीति तथा कार्यक्रमहरूलाई यस वर्ष पनि निरन्तरता दिएको छु।

म यस सम्मानित बैठकमा चालु आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमको प्रगतिको सारसंक्षेप प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रमको समिक्षा**

## पूर्वाधार तर्फ

१. नगर कार्यपालिकाको मूख्य प्रशासकीय केन्द्रमा विगत देखि थाँति रहेको प्रशासकीय भवन निर्माणका लागि पालिका मुकाम विश्रामपुरमा टेन्डर आह्वान भई मिति २०८२।०२।२७ मा भवन निर्माण सम्झौता भएको छ । सो को लागि विश्रामपुरमा अवस्थित ०-११-१३ जग्गामा मुल संरचना निर्माणको प्रक्रिया अगाडि बढेको छ ।

२. जनताले सेवा पाउने निकटको वडा सरकार सञ्चालनमा वडा कार्यालय भवनको अभावलाई चिर्दै वडा नं. ५ नरकटिया, वडा नं. ६ हर्षाहा र वडा नं. ८ आँकडपाथरमा वडा कार्यालय भवनहरूको निर्माण कार्य सम्पन्न भएको छ । ती वडा कार्यालयबाट जनताहरूलाई सेवा प्रवाहमा सरल एवम् सहजता प्राप्त हुने भएको छ ।

३. बृन्दावन नगरपालिकाको हर्षाहा देखि विश्रामपुर जाने सडक खण्ड मध्ये हर्षाहा चोक देखि लोहिनिया नदी सम्म पहिलो पटक अस्फाल्ट कालोपत्रे सडक निर्माण भई सडक लेन तथा जेब्रा क्रसिङ्ग समेतको निर्माण सम्पन्न भएको छ । त्यसैगरी वडा नं. १ को चाँदी पुलको उत्तर देखि बलरी टोलको पुरानो कालोपत्रे सडक सम्म कालो पत्रे सडक निर्माण सम्पन्न भएको छ ।

४. यस आर्थिक वर्षमा वडा नं. १ मा बलरी खोर, रामपुर टोल र बैराठपुर टोलमा ढलान, वडा नं. २ रामबाबुको घरसम्म सडक ढलान, वडा नं. ३ मा रामपुर र विश्रामपुर गाउँ ढलान, वडा नं. ६ मा ब्रहम मन्दिर सडक ढलान, वडा नं. ८ मा आकडपाथर, बरगजवा र बहुअरी टोलमा ढलान र वडा नं. ९ मा नदीपारी र गाउँमा सडक ढलान भएको छ ।

५. यस आर्थिक वर्षमा वडा नं. १ को बलरी र बैराठपुरमा नाला निर्माण, वडा नं. ३ विश्रामपुरमा नाला निर्माण, वडा नं. ६ को सिसवामा नाला निर्माण, वडा नं. ८ बहुअरी आँकडपाथरमा नाला निर्माण र वडा नं. ९ भुषाहामा नाला निर्माण पाइपमा नाला निर्माण कार्य भएको छ ।

६. यस आर्थिक वर्षमा वडा नं. १ को बलेरी टोलमा ग्रावेल रिङ्ग-रोड, पिपल बोट देखि पश्चिम चाँदी खोला सम्म, तामाङ्ग टोल हुँदै बलेरीको पानी ट्यांकी सम्म, वनको रेन्ज पोष्ट हुँदै चाँदी खोलासम्म र मठ देखि बागमती नदी जाने बाटो सम्म, चाँदीपुल देखि रमौली गाउँसम्म र बैराठपुर टोलमा विभिन्न ठाउँमा ग्रावेल, वडा नं. २ मा विभिन्न ठाउँमा ग्रावेल, वडा नं. ६ मा भेलही पोखरी, चिमनी रोड खोडरी र बोरिङ्ग सडक, वडा नं. ८ मा विभिन्न ठाउँमा ग्रावेल र वडा नं. ९ मा विभिन्न ठाउँमा ग्रावेल गर्ने कार्य सम्पन्न भएको छ ।

७. संघीय समपुरक अनुदान र बृन्दावन नगरपालिकाको लागत साझेदारीमा बतहु मा.वि. हर्षाहाको भवन निर्माण कार्य यसै आ.व. मा शिलान्यास भई निर्मणाधीन अवस्थामा रहेको छ । बृन्दावन नगरपालिका र तराइ मधेश समृद्धि कार्यक्रमको साझेदारीमा नेपाल मा.वि. विश्रामपुरको अधुरो भवन फिनिसिङ्ग र तल्ला थपको लागि पिल्लर र गारोको काम सम्पन्न भएको छ । त्यसैगरी बृन्दावन नगरपालिका नगरस्तरीय योजनाबाट श्री रूपा नेपाली पाल मा.वि.मा दुई तल्ले शैचालय भवन निर्माण र दलित प्रा.वि. कमलपट्टीमा शौचालय निर्माण भएको छ । श्री लक्ष्मीनाथ बासुदेव प्रा.वि. धनगढीको कम्पाउण्ड वाल निर्माण, वडा नं. १ श्री प्रा.वि. बलरी खोरको कम्पाण्ड वाल निर्माण, वडा नं. ९ श्री सतार प्रा.वि. कक्षाकोठा निर्माण तथा सुधार, वडा नं. ९ भुषाहा मदर्सामा थप भवन निर्माण कार्य सम्पन्न भएको छ ।

८. धर्म, संस्कृति तथा पर्यटन विकास तर्फ वडा नं. १ मा चाँदीपुल निर दुर्गा मन्दिर निर्माणाधीन अवस्थामा रहेको, शितेश्वरनाथ मन्दिरको कम्पाण्ड वाल निर्माणाधीन रहेको, चमरदेवीमाई मन्दिर निर्माणाधीन रहेको, तामाङ्ग टोल गुम्बा निर्माण अन्तिम चरणमा रहेको, वडा नं. २ मा शिव मन्दिरको अधुरो कार्य निर्माणाधीन रहेको, वडा नं. ३ मा शिव मन्दिरमा विवाह मण्डपको सौन्दर्यीकरण भएको, हनुमान मन्दिरको मुर्ति निर्माण तथा गुम्बज निर्माण कार्य सम्पन्न भएको, वडा नं. ६ सिसवाटोलमा बरहम बाबा मन्दिरको फ्लोर ढलान तथा कम्पाउण्ड रङरोगन कार्य भएको, वडा नं. ८ आखरपाथरको रामजानकी मठको बाँकी कम्पाउण्ड वाल निर्माण तथा प्लास्टर रङरोगन कार्य भएको, बहुअरीको रामजानकी मठमा दुई कोठे पक्की भवन निर्माण कार्य सम्पन्न भएको, बरगजवा पुल निरको छठघाट निर्माण तथा कम्पाउण्ड वाल निर्माण सम्पन्न भएको, वडा नं. ९ मा इदगाहको कम्पाउण्ड वाल निर्माण सम्पन्न भएको, बेलाल मस्जिदको अधुरो काम सम्पन्न भएको छ ।

## सुशासन तर्फ

१. बृन्दावन नगरपालिकाको स्थानीय तह संस्थागत क्षमता स्व मूल्यांकन (LISA) मा गत वर्ष ४१ अंक रहेकोमा चालु आर्थिक वर्षमा ६८.२५ अंक प्राप्त भएको छ । यसले नगरपालिकाको संस्थागत क्षमता र सेवा प्रवाहमा क्रमशः सुधार हुदै गएको देखिन्छ र यसमा अझ सुधारका प्रयास आवश्यक देखिएको छ ।

२. वडा तहबाट र पालिका तहबाट प्रदान गरिने सेवाहरूमा अनलाइन बिलिङ्ग, अनलाइन पञ्जिकरण कार्य र स्वास्थ्य र शिक्षामा समेत डिजिटल रिपोर्टी सिस्टम सुरू भएको छ ।

३. डिजिटल प्रोफाइलका लागि घर दुरी सर्वेक्षण कार्य वडा नं. ४ का केही घर धुरी वाहेक सम्पन्न भएको छ ।

४. आवधिक योजना निर्माण कार्य निर्माण नै चरणमा रहेको छ। हाल सम्म प्रारम्भिक मस्यौदा प्राप्त भएको छ र यो सम्पन्नको चरणमा रहेको छ।

**शिक्षा तर्फ**

१. किशोरी शिक्षा कार्यक्रमबाट विद्यालय छाडेर र विद्यालयमा पहुच नभएका १२१ जना किशोरीहरूलाई नगरपालिका र नगरपालिकाको ७०% र NGOCC को ३०% लागत साझेदारीमा चार वटा विद्यालयमा यी किशोरीहरूलाई विद्यालयमा भर्ना गरिएको छ र तीनीहरूको टिकाउ र गुण्स्तरीय शिक्षाको लागि पहल गरिएको छ।
२. नगरपालिकाको लगानीमा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्पन्न गराई जिल्ला तहमा द्वितिय र प्रदेश स्तरमा सहभागी हुने सफलता मिलेको छ।
३. विद्यालयहरूमा ई-हाजिरी व्यवस्था गरिएको छ।
४. बृन्दावनको विद्यालय शिक्षाको सुधारका लागि सहयोगी संस्था People promote Centre को प्राविधिक सहयोगमा पाँच वर्षे विद्यालय क्षेत्र सुधार योजना निर्माण र स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ। यस योजनालाई यस बृन्दावन नगरपालिकाको Website मा समेत राखिएको छ।
५. २०८१ आषाढ मसान्तसम्म शुन्य वक्यौता विद्युत महशुल रहेका विद्यालयहरूको विद्युत बिलको रकम २०८१ श्रावण यता नगरपालिकाले व्यहोर्ने भनिएकोले केही विद्यालयहरूको विद्युत महशुल भुक्तानी गरिएको छ । साथै विद्युत सेवा नपुगेका विद्यालयमा विद्युत मिटर जडानका लागि नगरपालिकाबाट जडान खर्च व्यहोर्ने व्यवस्था गरिएको छ।

**स्वास्थ्य तर्फ**

१. यस बृन्दावन नगरपालिका वडा नं. ७ सखुअवा धमौरामा २०८१ कार्तिक देखि बर्थिङ्ग सेन्टर सञ्चालनमा ल्याएको छ। २०८२ आषाढ १५ सम्ममा २६५ जनाले प्रसुति सेवा लिएका छन्।
२. स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिहरूलाई परिवर्तन व्यवस्थापन गरी स्वास्थ्य सेवा प्रभावकारी बनाइएको छ।
३. पूर्ण खोप सुनिश्चिताको दिगोपनाको लागि "खोज र खोप" कार्यलाई निरन्तरता दिने कार्य सम्पन्न भएको छ।
४. वडा नं. १ र वडा नं. ९ मा स्वास्थ्य सेवा प्रवाहका लागि नवनिर्मित स्वास्थ्य केन्द्र भवन आवश्यक बिजुली पानी सहितको सुबिधा व्यवस्था गरी सञ्चालनमा ल्याइएको छ।
५. गाउँघर क्लिनिकको अवधारणालाई कार्यन्वयनमा ल्याउँदै स्वास्थ्य संस्थाबाट टाढा रहेका टोल बस्तीहरूमा स्वास्थ्य सेवा विस्तार गरिएको छ।

६. स्वास्थ्य सेवा प्रवाहको सुनिश्चिता गर्न र त्यसको रिपोर्टिङ्ग प्रणालीलाई सुदृढीकरण गर्न हरेक स्वास्थ्य संस्थामा ईन्टरनेट सेवा पुर्याई ल्यापटप वा डेस्कटप कम्प्युटर र प्रिन्टर सहितको व्यवस्था गरिएको छ। यसबाट LMIS र HMIS प्रणालीलाई सुदृढ बनाइएको छ।

७. हरेक नागरिकमा प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्य कर्मी तथा महिला स्वास्थ्यकर्मीहरूको व्यवस्थापन गरिएको छ।

८. २७ जना दिर्घरोगीहरूलाई पहिचान गरी मासिक रु. ५०००।– दरले जिविको पार्जन भत्ता दिने कार्य भई रहेको छ।

९. स्वास्थ्य संस्थाहरूमा निःशूल्क रूपमा उपलब्ध हुने औषधीहरू संघीय बजेट कम भए पनि नगरपालिकाबाट व्यवस्था गरी अभाव हुन दिएको छैन।

## कृषि विकास र पशु सेवा

१. कृषकहरूलाई सहज रूपमा अनुदानको बिउ र मल उपलब्ध गराइएको छ।
२. कृषकहरूलाई स्प्रे ट्यांकी वितरण गरिएको छ।
३. किसान सूचीकरण कार्य सम्पन्न गरिएको छ।
४. कृषि सिँचाईका लागि विद्युतीकरणको प्रयासको थालनी गरिएको छ।
५. कृषि विकास रणनीति  तयार भएको छ।
६. नगरपालिकाको ७०% र हेफर प्रोजेक्टको ३०% को सहकार्यमा बिउ पाठी, बिउ बोका तरकारी खेतीको लागि ब्लिचिङ् पेपर सहित प्रविधि हस्तान्तरण सहितको कार्य गरिएको छ।
७. नगरपालिका र हेफर प्रोजेक्टको सहयोगमा ३५ दिने CAVE Training (ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता तालिम) दुई जनालाई र अत्यावश्यक औषधी सहित यन्त्र उपरकण हस्तान्तरण गरिएको छ।
८. पशु रोग पहिचान तथा महामारी रोग नियन्त्रणका लागि भ्याक्सिनेसन कार्यक्रम गरिएको छ।

## पर्यटन विकास तर्फ

१. बृन्दावन नगरपालिकाको पथरघट्टा क्षेत्रलाई समेटी पर्यटन विकासको गुरू योजना निर्माण भएको छ।

## रोजगार सेवा तर्फ

१. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट वडा नं. ३, ६, ८ र ९ मा रोजगारी दिने कार्य भएको छ।
२. पुनःश्रम स्वीकृती लिई वैदेशिक रोजगारमा जानेलाई रोजगार सेवा केन्द्रबाट परामर्श सेवा प्रदान भई रहेको छ।

३. यस वर्ष रोजगार रणनीति तयार भएको छ।

## खानेपानी तथा सरसफाई तर्फ

२. खानेपानी तर्फ वडा नं. १ र २ का पुराना खानेपानी ट्यांकीबाट वितरित पानीको वक्यौता रहेको विद्युत महशुल भुक्तानी गरिएको छ।

३. यस वर्ष खानेपानी तथा सरसफाई (WASH) योजना निर्माण भएको छ । यसले बृन्दावन नगरबासीहरूलाई स्वच्छ तथा सुद्ध खानेपानी आपूर्तीको खाका देखाएको छ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ

१. यस वर्ष स्थानीय विपद् व्यवस्थापन समिति तथा विभिन्न कार्यदलहरूको क्षमता अभिवृद्धि कार्य गरिएको छ।

२. राहत उद्धार खोज सामग्री खरिद र व्यवस्थापन गरिएको छ।

३. विदप् व्यवस्थापन कोष सञ्चालन कार्यविधि तयार गरिएको छ।

४. विपद् जोखिममा पर्ने सक्ने स्थानको स्थलगत अवलोकन भ्रमण गरी सचेतीकरण र जोखिम न्यूनीकरणका उपायहरू अवलम्वन गरिएको छ।

## चालु आर्थिक वर्षको खर्च स्थिति

### चालु आ.ब. २०८१/०८२ को संशोधित आय र २०८२ आषाढ २५ गते सम्मको खर्चको स्थिति

| क्र.सं. | स्रोत | चालु वर्षको अनुमानित आय | चालु वर्षको संशोधित आय (हाल सम्मको निकाशा र प्राप्त) | खर्च (२०८१असार १ गते सम्मको) | कैफियत |
|---|---|---|---|---|---|
| १ | संघीय सरकार समानीकरण अनुदान | ११ करोड ८० लाख | १० करोड ८२ लाख ७६ हजार | १० करोड ७९ लाख ५१ हजार | |
| २ | संघीय सरकार राजश्व बाँडफाँड | ११ करोड ९५ लाख | ११ करोड ५४ लाख ६३ हजार | १० करोड ७३ लाख २८ हजार | |
| ३ | संघीय सरकार सशर्त अनुदान(चालु) | २० करोड ८१ लाख १८ हजार | २० करोड ८१ लाख १८ हजार | १८ करोड ४२ लाख ५८ हजार | |
| ४ | संघीय सरकार सशर्त अनुदान (पुँजिगत) | २ करोड ७५ लाख | २ करोड ७५ लाख | २ करोड ६८ लाख ३८ हजार | |
| ५ | संघीय सरकार विशेष | ९० लाख | ९० लाख | ५० लाख | |

| | | | | | |
|---|---|---|---|---|---|
| | अनुदान | | | | |
| ६ | संघीय सरकार समपुरक अनुदान | १ करोड | १ करोड | करोड | |
| ७ | प्रदेश सरकार समानीकरण अनुदान | ८५ लाख ८९ हजार | ८५ लाख ८९ हजार | ७४ लाख ६८ हजार | |
| ८ | प्रदेश सरकार समपुरक अनुदान | २० लाख | २० लाख | खर्च नभएको | |
| ९ | प्रदेश सरकार विशेष अनुदान | ३० लाख | ३० लाख | २९ लाख ८८ हजार | |
| १० | प्रदेश सरकार राजश्व बाँडफाँड | १ करोड ६९ लाख ५० हजार | १ करोड ८ लाख | १ करोड ७ लाख २९ हजार | |
| ११ | गत आ.ब.को अल्या र भुक्तानी बाँकी रकम समेत | १५ करोड ५० लाख | १३ करोड ३० लाख ११ हजार | १२ करोड ६० लाख ८७ हजार | |
| १२ | आन्तरिक श्रोत (यस बर्षको आय) | करोड | १ करोड ६९ लाख ६ हजार | १ करोड ६९ लाख ३ हजार | |

**नगर सभा अध्यक्ष ज्यू तथा अन्य आदरणीय व्यक्तित्व ज्यूहरू,**

अब म यस सम्मानित नगर सभाको खुला सत्रमा आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु।

बृन्दावन नगरपालिकाको दूर दृष्टि- **"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र रोजगार : बृन्दावन नगरपालिकाको समृद्धिको आधार"**।

## वार्षिक नीति तथा कार्यक्रम निर्माणका आधारहरू

- नेपालको संविधान, २०७२
- सोह्रौँ आवधिक योजना
- दिगो विकासका लक्ष्यहरू
- मधेश प्रदेशको दोस्रो आवधिक योजना
- २०७९ को नगरप्रमुख ज्यू र निर्वाचित दलको चुनावी घोषणा पत्र
- बृन्दावन नगरपालिकाको आवधिक योजना (२०८१।०८२ – २०८५।०८६) को मस्यौदा

- विभिन्न क्षेत्रगत र रणनीतिहरू (कृषि विकास रणनीति, विद्यालय क्षेत्र सुधार योजनाका रणनीतिहरू, रोजगार रणनीति)
- नागरिकका माग, राय सुझावहरू
- विभिन्न क्षेत्रका संघ संस्थाको सल्लाह सुझावहरू

**विषयगत क्षेत्रहरु निम्न बमोजिम रहेका छन् ।**

- सामाजिक विकास क्षेत्र ।
- आर्थिक विकास क्षेत्र ।
- भौतिक पूर्वाधार विकास क्षेत्र ।
- वन,वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र ।
- संस्थागत विकास,सेवा प्रवाह र सुशासन ।
- संघ, प्रदेश र विभिन्न निकायसँगका सहकार्य तथा लागत साझेदारीका क्षेत्रहरू

## सामाजिक विकास तर्फ

### शिक्षा, यूवा तथा खेलकुदः (बृन्दावन नगरको इच्छाः सिकाई मैत्री शैक्षिक पूर्वाधार र गुणस्तरीय शिक्षा)

१. हरेक विद्यालयमा CCTV जडान (मा.वि. आधारभूत र क्रमशः अन्य सा. विद्यालयहरूमा)

२. हप्तामा एक दिन सामुदायिक विद्यालयमा सीप, उद्यमशिलता, कला र नेतृत्व विकासका कार्यक्रम सञ्चालन गरेनछ ।

३. Smart Technology द्वारा पठन पाठन गराउने । मा.वि. विद्यालयहरूमा Smart Board जडान गरिनेछ नमुनाको रूपमा ३ वटा विद्यालय ।

४. नगरपालिकामा भएका विद्यालयहरूको शिक्षा स्तर प्रभावकारी र गुणस्तरीय बनाउनको लागि नगर प्रमुखको मातहतमा हुने गरी सुपरीवेक्षक Team राखिने छ । विद्यालयहरूको भौतिक, शैक्षिक गुणस्तरका लागि निरन्तर अनुगमन, निरीक्षण गरी सुझाव दिने ।

५. विद्युतीय हाजिरीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

६. अंग्रेजी माध्यममा विद्यालय सञ्चालन गर्न चाहने वि.व्य.स., अभिभावक संघ र शिक्षक कर्मचारीहरूको लागि आवश्यक प्राविधिक सेवा उपलब्ध गराइनेछ ।

७. प्रारम्भिक वाल विकासका नयाँ सहजकर्ताहरूलाई आधारभूत र पुराना सहजकर्तालाई पुर्नताजगी तालीमको व्यवस्था गरिनेछ । - विद्यालयहरूको प्र.अ./शिक्षक कक्ष र Meeting कक्षको सुधार गरिनेछ ।

८. प्राथमिक तहका सबै शिक्षकहरूलाई गुणस्तरीय शिक्षाका लागि अभिमुखिकरण एवम् क्षमता विकस गरिनेछ ।

९. आधारभूत (६-८) र माध्यमिक तहका विषयगत शिक्षकहरूलाई सञ्चालीकृत गरी आवश्यक अभिमुखिकरण र क्षमता विकास गरी विद्यालयको सिकाई उपलब्धि प्रति उत्तरदायी बनाइने छ ।

१०. मुस्लिम छात्रछात्राहरूलाई विद्यालय आउन प्रोत्साहन गरिनेछ ।

११. दलित समुदायबाट MBBS मा नाम निकाल्ने विद्यार्थीलाई रू. ५,००,०००।– (अक्षरेपी पाँच लाख मात्र) र अन्य समुदायबाट MBBS मा नाम निकाल्ने विद्यार्थीलाई रू. ३,००,०००।– (अक्षरेपी तीन लाख मात्र) आर्थिक सहयोग गरिनेछ ।

## यूवा तथा खेलकुद

१. विभिन्न खेलमा प्रदेश स्तर, राष्ट्रिय स्तर र अन्तराष्ट्रिय स्तरमा सहभागी भई पुरस्कृत हुने खेलाडीलाई विशेष सम्मान गरिनेछ ।

२. खेलकुद विकासका लागि प्राथमिक विद्यालय तहबाट School to Olympics का लागि खेलाडी छनौट, विकास प्रतिस्पर्धी क्षमता विकासमा जोड दिइनेछ ।

३. पालिकास्तरीय विविध खेलकुद प्रतियोगिताका लागि हरेक विद्यालयले शुक्रबारीय रूपमा तालिका बद्ध गरी विभिन्न खेलहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

४. खेलकुद पूर्वाधार विकास तथा मर्मत संभारमा जोड दिइनेछ ।

५. खेल समुह तथा विद्यालयका खेलका लागि खेलकुद सामाग्री व्यवस्थापन गरिनेछ ।

६. मेयर कप क्रिकेट प्रतियोगिता प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

७. विकास लागि यूवा स्वंमसेवकको अवधारणा कार्यान्वयनमा ल्याइने छ ।

८. यूवामा रहेको क्षमताको पहिचान गरी रोजगार, स्वारोजगार गर्ने तर्फ विविध कार्यक्रमहरू सञ्चालन गरिने छ ।

९. सामाजिक विकृति (दाइजो प्रथा, जातिय विभेद, लौङ्गिक विभेद, घरेलु हिँसा, बाल विवाह, लागु औषध, अनावश्यक वादविवाद आदि) न्यूनिकरणका लागि यूवाहरूलाई सशक्तिकरण गरी परिचालन गरिनेछ ।

१०. यूवाको सिप परीक्षण CTEVT बाट तोकिएको मापदण्डमा र सिपमुलक जनशक्तिको वृत्ति र विकास गराइनेछ।

**स्वास्थ्य : (सर्वसुलभ स्वास्थ्य सेवाः स्वस्थ्य नागरिक निर्माणमा टेवा)**

बृन्दावन नगरपालिकाले नगरभित्रका नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवाहरु नियमित एवं व्यवस्थित रुपमा पुर्याई नागरिकको स्वास्थ्य अभिवृद्धि तथा प्रवर्धन गर्ने नीति लिइएको छ । नगरपालिकाले हाल सञ्चालनमा रहेको स्वास्थ्य कार्यक्रमहरुलाई निरन्तरता दिदै नागरिक स्वास्थ्य सेवालाई प्रवर्धन गरी पँहुच अभिवृद्धि गर्न देहाय बमोजिम नीति तथा कार्यक्रमहरु कार्यान्वयन गरिनेछः-

१. नगर प्रमुख स्वास्थ्य कार्यक्रम अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र बिश्रामपुर र वडा नं. ७ धमौराको वर्थिङ्ग सेन्टरमा समय समयमा विशेषज्ञ सेवा सहित शल्यक्रिया सहितको प्रसुति सेवा व्यवस्था गरिनेछ । घर घरमा गराउने प्रसुती प्रवृत्तिलाई रोकी वर्थिङ सेन्टर वा अस्पतालमा प्रसुती गराउने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ।
२. बृन्दावन नगरपालिकाको सबैलाई पायक पर्ने स्थान हर्षाहामा स्वीकृत १५ शैयाको आधारभूत अस्पताल निर्माण कार्य अगाडि बढाइनेछ।
३. नगरस्तरीय अस्पतालको लागि आवश्यक जनशक्ति र अन्य व्यवस्थापकीय कार्य गरी सञ्चालनमा ल्याइनेछ।
४. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन सहितको सुनौलो स्वेच्छिक अवकासको अवधारणालाई निरन्तरता दिइनेछ।
५. नगर भित्रका असहाय, विपन्न, क्यान्सर पिडित, मृगौला रोगी, मुटु रोगी जस्ता जटिल प्रकृतीका रोगीहरूलाई कार्यविधि बनाई आर्थिक सहायता वितरण गरिनेछ।
६. एम्बुलेन्स सेवालाई व्यवस्थित गरी सञ्चालन गरिनेछ।
७. आमा सुरक्षा तथा बाल मृत्युदर घटाउन बर्थिङ्ग सेन्टरको सुदृढिकरण गर्ने र सेवा प्रवाह प्रणालीलाई प्रभावकारी बनाइने छ।
८. गर्भवती प्रस्तुतीहरूका लागि घरबाट बर्थिङ्ग सेन्टरसम्म आउन जान निःशुल्क एम्बुलेन्स सेवा र एक क्यारेट अण्डा वितरण कार्यलाई निरन्तरता दिइनेछ।
९. स्वास्थ्य संस्थाहरूको भौतिक अवस्था सुदृढ र सेवा प्रदान गर्ने कक्षहरू सुदृढ गरिनेछ।
१०. जेष्ठ नागरिक र दिर्घ रोगीहरूलाई घुम्ती सेवा मार्फत स्वास्थ्य जाँच तथा परामर्श सेवा उपलब्ध गराइनेछ।
११. गाउँ घर क्लिनिकलाई सुदृढ गरी निरन्तरता दिइनेछ।
१२. गरिब, सिमान्तकृत तथा जेष्ठ नागरिकहरूका लागि शल्यक्रिया सहितको विभिन्न स्वास्थ्य शिविर आँखा उपचार शिविर समेटी आयोजना गरिनेछ।
१३. स्वास्थ्य सेवा प्रवाहको अभिलेखन र प्रतिवेदन LMIS/HMIS लाई प्रभावकारी बनाइनेछ।

**खानेपानी तथा सरसफाई: (बृन्दावन बासीको सोचाईः स्वच्छ खानेपानी तथा सरसफाई)**

१. यस नगरभित्र बसोबास गर्ने सम्पूर्ण नागरिकहरुको लागि स्वच्छ खानेपानीको व्यवस्थापनका लागि प्रत्येक वडामा जल संरक्षण कार्यक्रम सञ्चालनमार्फत नगरक्षेत्रको पिउने पानीको दिगो समाधान गर्ने नीति लिइनेछ ।
२. फोहर व्यवस्थापनका लागि वडा नं. १ मा डम्पिङ साइट निर्माण गर्न विभिन्न संस्थासँग सहकार्य गरिनेछ ।
३. स्थानीयलाई फोहफरमैलाको वर्गीकरण, पुन:प्रयोग र प्रशोधन सम्बन्धि जनचेतना अभिवृद्धि गर्दै फोहर संकलन गर्न फरक फरक रङ्गको डस्टविनको व्यवस्था गरिनेछ ।
४. सडक, पेटी, सार्वजनिक स्थल, पार्क, नदी, मन्दिर, नाला आदिमा फोहरमैला नगर्न र सरसफाई अभियान सञ्चालन गरिनेछ ।
५. खुला क्षेत्रको पहिचान तथा संरक्षण र हरियाली प्रवद्धन गर्ने जस्ता पर्यावरणमैत्री कार्यक्रमहरू लागू गरिनेछ ।
६. ओभरहेड खानेपानी ट्यांकी मार्फत आधारभूत खानेपानी सेवाको पहुँच पुर्‍याई गुणस्तरीय खानेपानी सेवा बिस्तार गर्दै लगिनेछ ।
७. पुरानो, निर्माणाधीन र सञ्चालनमा समस्या रहेका खानेपानी आयोजनाको मर्मत र पुनर्स्थापना गरी व्यवस्थित तुल्याइने कार्यलाई निरन्तरता दिइनेछ ।

**लैङ्गिक समानता तथा सामाजिक विकास: (सामाजिक विकासको गन्तव्यः लैङगिक र जातीय विभेदको अन्त्य)**

१. समान पहुँच र नेतृत्व विकासका लागि महिलालाई अवसर सृजना हुने सीपमुलक कार्यक्रमा जोड दिइनेछ ।
२. नगर भित्रका अति-विपन्न, विपन्न, दलित, भूमिहिन, मजदुरका छोरीलाई बीस वर्ष उमेर पुगेपछि बिवाह गरेमा कार्यविधि बनाई बिवाह खर्च उपलब्ध गराइनेछ ।
३. सामाजिक विकृतिको रूपमा रहेको दाइजो प्रथालाई अन्त्य गर्न दाइजो नलिई विवाह गर्ने जोडी र उनीहरूका अभिभावकलाई नगरपालिकाले सामाजिक सम्मान गर्ने नीतिलाई निरन्तरता दिइनेछ । साथै नगरपालिकाको सेवासुविधामा त्यस्ता जोडीलाई प्राथमिकता दिइने नीतिलाई निरन्तरता दिइनेछ ।
४. अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्ग सहायता साम्रगी तथा सीपमूलक तालिम दिई आत्म निर्भर बनाउन जोड दिइनेछ ।
५. जोखिममा परेका बालबालिकाहरूका लागि तत्काल राहत उद्दार र संरक्षणका लागि बाल सुरक्षा कोषको व्यवस्था गरिनेछ ।
६. सार्वजनिक स्थानमा बाल स्याहार केन्द्र तथा स्तनपान कक्षको व्यवस्था गर्न जोड दिइनेछ ।

७. सामाजिक सुरक्षा भत्तालाई सरल र सहज रूपमा वितरण गरिनेछ ।

८. लैङ्गिक तथा घरेलु हिंसा पीडितहरुको लागि हिंसा निवारण कोषको स्थापना र सञ्चालन गरिनेछ । घरेलु हिंसा निरुत्साहित गर्न न्यायिक समिति र सामाजिक संस्थाहरूलाई सबलीकरण गरिनेछ ।

९. सरकारी, गैर सरकारी संघसंस्थाहरूसँगको सहकार्यमा लागु औषध दुर्व्यसन रोकथाम अभियान सञ्चालन गरी नगरलाई लागु औषध मुक्त क्षेत्र बनाउन पहल गरिनेछ ।

१०. महिला सशक्तिकरण कार्यक्रमहरू मागमा आधारित बनाई महिलाहरूमा क्षमता विकास, नेतृत्व गर्न सक्ने अवसरको प्रत्याभूती गरिनेछ ।

## आर्थिक विकास तर्फ

**कृषि र पशुपन्छी विकास:**

**कृषि : (समृद्ध बृन्दावनको आधार: किसानको जिवनस्तरमा सुधार)**

१. माटो परीक्षण प्रयोगशाला स्थापना गरी कृषकलाई सहयोग पर्‍याइनेछ ।

२. कृषि सेवालाई रुपमा कृषकको घरदैलोमा पुर्‍याउने नीति लिईनेछ ।

३. कृषि उत्पादनमा यान्त्रिकीकरण र प्रविधि हस्तान्तरणमा जोड दिइनेछ ।

४. कृषि विकास रणनीति अनुसारका कार्यक्रमहरू लागू गरिनेछ ।

५. कृषि सहकारी संस्था मार्फत कृषक प्रोत्साहन गर्ने कार्यक्रम लागू गरिनेछ ।

६. तरकारी खेती गर्ने कृषकहरूलाई चाहिने आवश्यक कृषि सामग्री र Solar बाट चल्ने मोटर उपलब्ध गराइनेछ ।

७. हरेक खेतमा पानी पुग्ने गरी कुलो वा कृषि विद्युतिकरण वा स्यालो ट्यूववेल निर्माण गरिनेछ ।

८. स्थानीयस्तरमै उन्नत बिउ उपलब्ध गराउन विज वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

९. रासायनिक मल, बिउ वितरण प्रणालीमा सुधार एवम् व्यवस्थित गरिनेछ ।

१०. उन्नत जातका विउविजन अनुदानमा उपलब्ध गराउनेछ ।

११. रासायनिक मल विउ वितरण व्यवस्थित गर्न कृषि सहकारीहरूलाई प्रवर्द्धन गरिनेछ र अनुदानित रासायनिक मल वितरण प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

१२. साना किसान तथा महिला मैत्री यान्त्रीकरणको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

१३. असल कृषि अभ्यासको माध्यमबाट स्वस्थ वाली उत्पादन गर्न कृषकहरूलाई प्रोत्साहन तथा प्राविधिक सेवा टेवा उपलब्ध गराइनेछ ।

१४. पोषण सुरक्षाका लागि एक घर एक करेसाबारी बनाउने कार्य अभियानका साथ सञ्चालन गरिनेछ ।

१५. उत्पादनस्तरबाट बजारसम्म कृषि सडकको विस्तार गरिनेछ ।

१६. सिँचाईमा प्रयोग हुने विद्युत महशुलमा छुट दिने व्यवस्था मिलाइनेछ ।

१७. चक्लाबन्दी खेती गर्ने कृषक/कृषक समूह/कृषि सहकारीलाई प्रोत्साहित गरिनेछ।

१८. कृषक तालिम, कृषक पाठशाला, कृषक आदान प्रदान भ्रमण कार्यक्रम गरिनेछ।

१९. फलफुल खेती कार्यक्रम सञ्चालनका लागि आवश्यक नीति बनाई कार्यक्रम लागु गरिनेछ।

२०. विदेशबाट फर्केका यूवालाई कृषिमा लगानी गर्न आकर्षण गरिनेछ।

२१. एक वडा एक उत्पादन पकेट (नमुनाको रूपमा दुई वटा वडामा) कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२२. कृषि उपज ढुवानी गर्न सहुलियत दरमा कृषि एम्बुलेन्स उपलब्ध गराइनेछ।

२३. जैविक तथा वानस्पतिक विषाधी प्रयोगमा जोड तथा प्रोत्साहन दिइनेछ र रासायनिक मलको सट्टा प्राङ्गारिक मलको उत्पादन तथा प्रयोगमा प्रोत्साहित गरिनेछ।

२४. बेमौसमी धान खेतीलाई प्रवर्द्धन गरिनेछ।

**पशुपन्छी तथा मत्सयपालन**

१. चरन तथा घाँसेवाली उत्पादन कार्यक्रम र घाँसमा आधारित पशुपालनलाई प्राथमिकता दिई सञ्चालन गरिनेछ।

२. गाई, भैँसी र बाख्रामा कृत्रिम गर्भाधान कार्यक्रम अभियानको रूपमा सञ्चालन गरिनेछ।

३. व्यवसायिक मत्सय उत्पादन पकेटहरू छनौट गरी माछापालन प्रवर्द्धन गरिनेछ।

४. माछा पोखरी एवम् मत्सयपालनमा आवश्यक पर्ने मेशिनरी औजारहरू अनुदानमा उपलब्ध गराइनेछ।

५. आधुनिक गोठ निर्माण सुधार कार्यको लागि सहयोग गरिनेछ।

६. चिस्यान केन्द्र निर्माण तथा सञ्चालन गरिनेछ।

७. दुध, मासु तथा अण्डा उत्पादनमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ।

८. पशुपन्छीमा आउन सक्ने महामारी रोकथामको लागि भेक्सिनेसन कार्यक्रम सञ्चालन गरिनेछ।

९. पशुपन्छी स्वास्थ्य परीक्षण घुम्ती सेवा, ल्याब सेवा, कृषक पाठशालाको माध्यमबाट पशुपन्छीमा हुने रोगहरूको प्रभावकारी रोकथाम र नियन्त्रण गरिनेछ।

१०. कृषक र बजारकर्ताहरू बीच व्यवसायीक सम्बन्ध विस्तारमा सहिजीकरण गरिनेछ।

११. बजारको माग र आपूर्तीको आधारमा उपयुक्त स्थानमा थप पशुपन्छी बजार र हाटबजार स्थापना गरिनेछ।

१२. उपचार सेवा नपुगेको ठाउँमा पशु स्वास्थ्य शिविर र बाँझोपन निवारण शिविरहरू सञ्चालन गरिनेछ।

१३. नगरपालिकामा व्यवसायीक रूपमा पशुपालन गर्दै आएका कृषकहरूलाई मध्यनजर गर्दै आवश्यकता बमोजिम कृषि यान्त्रिकरणहरू च्यापकटर (कुट्टी काट्ने मेशिन), मिल्किङ्ग मेशिन,

दुध संकलन क्यान आदि वस्तु ५०% अनुदानमा उपलब्ध गराउने कार्यलाई प्राथमिकतामा राखिनेछ।

१४. पशु सेवा शाखा मार्फत मेडिकल उपचार सेवा, गाइनोक्लोजिकल उपचार सेवा, माइनर सर्जिकल उपचार सेवा प्रवाह गर्न निःशूल्क औषधीहरूको व्यवस्था मिलाइनेछ।

१५. नगरस्तरीय पशु अस्पताल निर्माण गरिनेछ।

**रोजगार: (दक्ष र सक्षम जनशक्तिः रोजगार र स्वरोजगारको प्रत्याभूति)**

१. नगरपालिकाको बेरोजगार व्यक्तिहरूलाई रोजगारी संलग्न गराउन नगरपालिका क्षेत्रमा रहेका उद्योगहरूसँग समन्वय गरिनेछ।

२. उद्यमशिलता प्रवर्द्धन र विकास गर्न तालिम गोष्टी तथा अध्ययन अवलोकन भ्रमण आयोजना गरिनेछ।

३. कृषि क्षेत्रको प्रवर्द्धन, क्षमता विकास र बजारीकरण गर्न निजी क्षेत्र, सहकारी संस्थाहरूको विकास गरी उनिहरूसँग सहकार्य गरिनेछ।

४. स्थानीयस्तरमा उपलब्ध हुने कृषिजन्य कच्चा पदार्थबाट उत्पादन हुने प्रकृतिको उद्योगहरू स्थापना र सञ्चालन गरिनेछ।

५. पर्यटकीय क्षेत्रहरूको विकास गरी यस क्षेत्रमा स्वरोजगार वृद्धि गरिनेछ।

६. उद्यम व्यवसाय सञ्चालन गर्न इच्छुक व्यक्तिहरूलाई सफल उद्यमी बनाउन आवश्यक सेवा प्रदान र सहजीकरण गरिनेछ।

७. वैदेशिक रोजगारबाट फर्केका श्रमिकको सामाजिक, आर्थिक, पारिवारिक रूपमा पुनःस्थापन तथा पुनःएकीकरण लगायतका रोजगारमुलक सेवा प्रवाह गरिनेछ।

८. स्थानीय तहमा दक्ष प्रतिस्पर्धी र उद्यमशिल मानवीय स्रोतको विकास गरिनेछ।

९. स्थानीय माग र आवश्यकताको आधारमा श्रम बजारको नीति बमोजिम कार्यक्रम कार्यान्वयन गरिनेछ।

१०. वैदेशिक रोजगारमा जाने यूवाहरूलाई गन्तव्य मुलुकहरूमा माग भएको काममा सिपयुक्त जनशक्ति तयार गरिनेछ।

११. वैदेशिक रोजगारीमा जोखिममा रहेका, ठगीमा परेका, ज्यान गुमाएका पिडितहरूलाई सहयोग गर्ने नगरपालिकामा सूचना तथा स्रोत केन्द्र स्थापना, सञ्चालन गरिनेछ। यस कार्यकालका लागि एक जना प्राविधिक कर्मचारी नियुक्त गरिनेछ।

**पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन : (प्रकृति र सांस्कृतिक सम्पदाः पर्यटन विकासको सम्भाव्यता)**

१. नगर क्षेत्र भित्रका ऐतिहासिक, धार्मिक, साँस्कृतिक महत्वका सम्पदाहरुको पहिचान गरिनेछ।

२. नगर क्षेत्र भित्र पर्यटन प्रवर्द्धनका सम्भावनाहरूको अध्ययन गरी पर्यटन विकासलाई जोड दिईनेछ।
३. यस नगरपालिकामा रहेका ऐतिहासिक महत्व बोकेको जंग बहादुर राणाको मृत्यु भएको स्थल पथरघट्टा क्षेत्रको संरक्षण र विकास तथा सौन्दर्यता वृद्धि गर्न हाल तयार भएको गुरु योजनालाई कार्यान्यवनमा ल्याइनेछ।
४. ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदा तथा संस्कृतिहरुको पहिचान, प्राचिन स्मारक, पुरातात्विक महत्वका विषयको उत्खनन् तथा अभिलेखीकरण गर्दै तिनीहरुको सर्वेक्षण, अनुसन्धान, सम्वर्द्धन, संरक्षणका लागि एकीकृत दीर्घकालीन गुरुयोजना निर्माण गरिनेछ।
५. सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने र अतिक्रमण निरुत्साहित गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

**उद्योग तथा वाणिज्यः (साना र घरेलु उद्योगको सघन्ताः स्थानीय उत्पादन र बन्द व्यपारको प्रवलता)**

१. लघु तथा घरेलु उद्योगहरु स्थापना र विकासमा जोड दिइनेछ।
२. कृषि उत्पादनमा आधारित उद्योग स्थापना र सञ्चालनमा निजी क्षेत्र र सहकारीलाई सहकार्यात्मक वातावरण सृजना गरिनेछ।
३. नगर भित्र स्थापना हुने ठुला प्रकृतिका उद्योग स्थापनाको लागि आवश्यक सहजीकरण गरी प्रोत्साहित गर्ने नीति लिइनेछ।

**सहकारी र वित्तीय क्षेत्रको विकास: (सहकारी र वित्तिय संस्थाः लघु उद्यम र बचत प्रवर्द्धनको अग्रसरता)**

१. नगरपालिकाले सहकारी संस्था सम्बन्धी नीति, कानून र आवश्यकता अनुसार मापदण्ड तयारी गरी कार्यान्वयन र नियमन गर्ने नीति लिइनेछ।
२. सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन, सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी मापदण्डको निर्माण तथा प्रभावकारी कार्यान्वयन र नियमन गरिनेछ।
३. नगरपालिकामा वहुउद्देश्यीय सहकारी संस्था बनाई बचत जम्मा गरेका बचतकर्ताको बचत रकम सुरक्षित गर्न तथा माग गरेको बखत फिर्ता गर्न सहकारीहरूलाई सुसूचित गरी जिम्मेवार बनाइनेछ।
४. अन्तरनगर वित्तीय सहायताबाट काम गर्ने र पूर्वाधार विकास बैँकबाट वित्तिय सहयोग लिइने नीति अवलम्बन गरिनेछ।
५. सहकारी संस्थाको अध्ययन अवलोकनका लागि अन्तरप्रदेशिय भ्रमण गराई सहकारी संस्थाको स्तरमा सुधार ल्याईनेछ।
६. गरिवी निवारण कोष अन्तर्गतका समूह र ती समूहमा रहेको कोषको व्यवस्थापन तथा सञ्चालनमा जिम्मेवार पक्षलाई नगरपालिकाबाट नियमन गरिनेछ।

## पूर्वाधार विकास क्षेत्र तर्फ

**सडक पूर्वाधार तर्फको विकास निर्माण : (बृन्दावन विकासको आधारः सवल र सुदृढ भौतिक पूर्वाधार)**

१. आगामी आर्थिक वर्ष २०८२।०८३ मा विनियोजित रहेको प्रशासकीय भवन निर्माणमा सहजीकरण गरिनेछ।
२. आयोजना बैंकको अवधारणलाई कार्यान्वयनमा ल्याइनेछ।
३. नगरपालिकाबाट सञ्चालन हुने जटिल प्रकृतिका भवन निर्माण, कालोपत्रे सडक, पुल जस्ता कार्यहरू निर्माण व्यवसायीहरूबाट मात्र गराइने नीतिलाई निरन्तरता दिइनेछ।
४. श्री बतहु मा.वि. को निर्माणाधिन विद्यालय भवनलाई स्रोत सुनिश्चतता गरी निर्माण कार्यमा सहजीकरण गरिनेछ।
५. श्री रुपा नेपाली पाल मा.वि. मा भवन निर्माण कार्यको लागि स्रोत सुनिश्चतता गरी निर्माण सम्पन्न गरिनेछ।
६. ओभरहेड खानीपानी ट्यांकी वडा नं. ८ को निर्माणलाई निरन्तरता दिई वडा नं. ६ मा समेत नयाँ ओभरहेड खानपानी ट्यांकी निर्माण कार्य अगाडि बढाइनेछ।
७. मेयर सुरक्षित आवास कार्यक्रम सञ्चालन गरिनेछ।
८. हरित सडक अभियानलाई जोड दिइनेछ।
९. नगरभरीका सडकहरूलाई स्तरोन्नती गर्ने र स्तरोन्नती भएका सडकहरूलाई क्रमशः कालोपत्रे गर्दै लगिनेछ।

**भवन तथा सहरी विकासः**

सडक, विद्यालय, स्वास्थ्य संस्था लगायतका आवश्यक विकास पूर्वाधारको नक्साङ्कन गरी सोका आधारमा बहुसंख्यक जनता लाभान्वित हुने गरी आयोजना छनौट र कार्यान्वयन गरिनेछ।

१. सार्वजनिक तथा निजि घर निर्माण गर्दा राष्ट्रिय भवन संहिता र मापदण्डलाई अनिवार्य रूपमा लागु गरिनेछ।
२. भवन आचार संहिता अनुसार नगर भित्र नयाँ घरहरू निर्माण गराईनुका साथै नयाँ नक्सा पास गर्दा **कम्तीमा २ वटा विरुवा** रोपेको हुनुपर्ने र पक्की सडक उपलब्ध रहेको खण्डमा पक्की सडकको लेभेलबाट बढीमा ३ फिटसम्म मात्र (प्राविधिकको अनुमतीमा) प्लीन्थ लेभेल तोकेर नक्सा पास गरिनेछ।
३. नगरभित्र रहेका खरको छानो विस्थापित गरी सुरक्षित नागरिक आवास निर्माण गर्न जस्ता पाता र टायलको छाना छाउने व्यवस्था मिलाइनेछ।
४. नवनिर्मित ३ वटा वडा कार्यालयहरूको व्यवस्थापन गरी सञ्चालनमा ल्याई वडाबाट प्रवाह गरिने सेवालाई प्रभावकारी बनाइनेछ।

**सूचना तथा सञ्चार :**

१. सबै प्रकारको सूचना माध्यममा नागरिकको पहुँच पुऱ्याउन सञ्चार माध्यमलाई निष्पक्ष, मर्यादित, जिम्मेवार, व्यवसायिक र प्रतिस्पर्धी बनाइनेछ।
२. नागरिक तहमा सार्वजनिक सेवा र विकासका विविध आयामका बारेमा निरन्तर सेचतना र पैरवी गर्न विद्युतीय र छापा सञ्चार माध्यसँग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिनेछ।
३. नगरपालिका तथा वडा कार्यालयबाट सम्पादन गरिएका कार्यहरूको प्रगति विवरण आवधिक रूपमा प्रकाशन गरिनेछन।
४. सम्पूर्ण वडा कार्यालयबाट सञ्चालनमा रहेका अनलाइन घटना दर्ता तथा अनलाइन विलिङ्ग प्रणालिलाई थप प्रभावकारी बनाइनेछ। साथै नागरिकताको सिफारिस अनलाइन प्रणालीबाट गर्ने व्यवस्था मिलाइनेछ।
५. स्थानीय सरोकारका विषयहरू, जनचेतनामुलक संदेश, स्थानीय उद्यम तथा उत्पादन प्रवर्द्धन गर्ने जस्ता कुराहरूको प्रचारप्रसारमा योगदान पऱ्याउने सञ्चारकर्मी तथा सञ्चार संस्थालाई प्रोत्साहित गरिनेछ।

**उर्जा तथा वैकल्पिक उर्जा विकास कार्यक्रम :**

१. उर्जाका विभिन्न स्रोतहरुको पहिचान गरी सुधारिएको चुलो, होम बायोग्यास, सोलार बत्ती, ग्याँस चुल्हो जस्ता प्रविधिको वितरण र व्यवस्थापन गरिनेछ।
२. नगर भित्रका दलित, विपन्न, भूमिहिन मजदुरहरूलाई न्यूनतम ४० युनिट सम्मको विद्युतीय सेवा शुल्क वापतको रकम नगरपालिकाबाट भुक्तानी दिने व्यवस्था मिलाइनेछ।

## वन,वातावरण तथा विपद् व्यवस्थापन तर्फ

**वन, वातावरण तथा विपद् व्यवस्थापन: (सडकको छेउछाउ : बिरुवाले भरिभराउ)**

१. वनजंगल संरक्षण गर्न आधुनिक चुल्हो वितरण कार्यलाई अगाडि बढाइनेछ।
२. विद्यालय, सार्वजनिक ठाउँ र निजी जग्गामा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।
३. वन र वातावरणीय संरक्षणबारे विद्यालयदेखि समुदायसम्म सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
४. स्थानीय वन ऐन, कार्यविधि र निर्देशिकाहरूको निर्माण र कार्यान्वयन गरिनेछ।
५. स्थानीय प्राकृतिक स्रोतसाधनको संरक्षण र दिगो उपयोग सुनिश्चित गरिनेछ।
६. प्रदूषण न्यूनीकरण तथा हरित विकासलाई प्राथमिकता दिइनेछ।
७. जैविक विविधता र पारिस्थितिक सन्तुलन कायम राख्न वातावरणमैत्री कार्यक्रमहरू सञ्चालन गरिनेछ।
८. फोहरमैला छुट्याउने (SOURCE SEGREGATION)" अभ्यासलाई प्रोत्साहन गरिनेछ।

९. पुनःप्रयोग (REUSE), पुनर्चक्रण (RECYCLE) र न्यून उत्पादन (REDUCE) आधारित नीति कार्यान्वयन गरिनेछ।

१०. हरित क्षेत्र (पार्क, खुला स्थान) विस्तार गर्दै लगिनेछ।

११. ठुला निर्माण तथा विकास कार्यमा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) र प्रारम्भिक अध्ययन (IEE) अनिवार्य गरिनेछ।

१२. विद्यालय तहदेखि समुदायसम्म वातावरण सम्बन्धी शिक्षा, तालिम र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१३. स्थानीय संघसंस्था, आमा समूह, युवा क्लब, विद्यालय आदिको साझेदारीमा वातावरण सचेतना कार्यक्रम गरिनेछ।

१४. वातावरण संरक्षणमा जनसहभागिता र सामाजिक उत्तरदायित्वको प्रवर्द्धन गरिनेछ।

१५. धूलो, धुँवा र औद्योगिक प्रदूषण नियन्त्रणका उपाय अवलम्बन गरिनेछ।

१६. विपद् पूर्व तयारी तथा प्रतिकार्य, पुनःस्थापना योजना, खोज तथा उद्धार, राहत सामग्रीको भण्डारण र वितरण कार्यको लागि विपद् व्यवस्थापन समितिलाई थप क्रियाशिल बनाइनेछ।

१७. विपद् जोखिम क्षेत्रको नाक्सांकन, बस्तीहरूको पहिचान र स्थानान्तरण, विपद् व्यवस्थापनमा जलवायू परिर्वतन, अनुकुलन तथा प्रकोप व्यवस्थापन कार्य गरिनेछ।

१८. स्थानीय विपद् व्यवस्थापन समिति अन्य विभिन्न कार्य दलका सदस्यहरूको क्षमता विकास गरिनेछ।

१९. विपद् व्यवस्थापन कोषमा पर्याप्त मात्रामा बजेट व्यवस्थापन गरिनेछ।

२०. विपद् जोखिम सम्बन्धी सचेतीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२१. प्र.अ., विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा अभिभावकहरूका लागि विपद् जोखिम न्यूनीकरण सम्बन्ध अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२२. STUDENT KIT, SCHOOL KIT, ECD KIT, TEACHERS KIT, RECREATIONAL KIT, EDUCATION KIT तथा स्वअध्ययन सामग्रीको भण्डारण गरिनेछ।

२३. विपद्मा सेल्टरका रूपमा प्रयोग हुने सम्भावित विद्यालय, स्वास्थ्य संस्था तथा सामुदायिक भवनमा WASH सुविधाको मर्मत तथा सुधार गर्ने।

२४. विपद्बाट प्रभावित हुने क्षेत्रको खानेपानी गुणस्तर परिक्षण तथा प्रसोधन गर्ने व्यवस्था मिलाइनेछ।

२५. पालिका तहमा WASH क्षेत्रका स्रोत व्यक्तिको क्षमता विकास तथा सम्पर्क सूची तयार गरिनेछ।

२६. पालिकास्तरीय स्वास्थ्य द्रुत प्रतिकार्य टोलीको गठन तथा क्षमता अभिवृद्धि कार्यक्रम गरिनेछ।

२७. विपद्को समयमा खोप कार्यक्रम, दिर्घरोगीहरूको उपचार, आकस्मिक उपचार, औषधी व्यवस्थापन आदि जस्ता स्वास्थ्य सेवाहरू सुचारू राख्ने व्यवस्थापन मिलाइनेछ।

२८. जोखिममा पर्न सक्ने दिर्घरोगी, महिला (सुत्केरी, गर्भवती, स्तनपान गराई रहेका महिला सहित), बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको विवतण संकलन तथा अद्यावधिक गर्ने कार्य गरिनेछ।

२९. महामारीमा आवश्यक पर्ने औषधीहरूको विवरण तयार गरी सो औषधीहरूको न्यूनतम मौजदात स्वास्थ्य संस्था तथा स्थानीय तहमा भण्डारण गर्ने व्यवस्था मिलाइनेछ।

३०. सम्भावित विपद् जोखिम, महामारीलाई मध्यनजर राखी सचेतनामुलक संदेश प्रकाशन, प्रसारण गरिनेछ।

३१. विपद् पूर्व सूचना प्रणाली जडान तथा सञ्चालनको व्यवस्था मिलाइनेछ।

३२. प्रकोप अनुसार संवेदनशील क्षेत्रहरू जनचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३३. आपतकालिन सामग्री तथा राहत सामग्री व्यवस्थापन तथा भण्डारणको व्यवस्था मिलाइनेछ।

३४. स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापना तथा सोको क्षमता विकास गरिनेछ।

३५. स्थानीयलाई झटपट झोला (GO BAG) तयारीका लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

३६. खोज तथा उद्धार टोली गठन गरी परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

३७. संकटासन्न वर्गको आवश्यकता अनुसार औषधी WASH KIT, DIGNITY KIT, HYGINE KIT, NUTRITIONAL PACKAGE वितरण गर्ने व्यवस्था मिलाइनेछ।

३८. स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र/कार्य सञ्चालन कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन : ( सुशासनका लागि : पब्लिक अडिट)**

१. बृन्दावन नगरबासीले नागरिकता प्रमाण पत्रको सिफारिस लिन निःशूल्क र व्यक्तिगत घटना दर्ता (जन्म, मृत्य, विवाह, बसाईसराई) गर्दा छ महिनासम्मको अवधिलाई निःशूल्क गर्ने नीतिलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिँइदै लगिनेछ।

२. नगर प्रहरी कार्यविधि अनुसार नगर प्रहरी भर्ना प्रक्रिया अगाडि बढाइनेछ।

३. आगामी आर्थिक वर्ष २०८२।०८३ मा मध्यमकालिन खर्च संरचना, डिजिटल प्रोफाइल, राजश्व प्रक्षेपण योजना निर्माण गरिनेछ।

४. जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि सिकाई भ्रमण तथा तालिमहरूको व्यवस्था गरिनेछ।

५. जनउतरदायी सेवा प्रवाहका लागि नागरिक बडा पत्र नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरूमा अद्यावधिक गर्दै लगिनेछ।

६. समय पालना र नियमितताका लागि नगर कार्यपालिका कार्यालय, वडा कार्यालयहरू र स्वास्थ्य संस्थाहरूमा ईलेक्ट्रोनिक हाजिरी प्रणाली जडान गरिनेछ।

७. LISA, FRA र LED सम्बन्धी अभिमुखिकरण कार्यक्रम राखिनेछ।

८. बेरूजुलाई न्यूनतम मात्रामा झार्न बेरूजु फर्छौट सम्बन्धी विविध कार्यक्रमहरू सञ्चालन गरी बेरुजु फर्छौट कार्यलाई प्राथमिकतामा राखिनेछ।

९. नगरपालिकाद्वारा सम्पादित क्रियाकलापहरूको आवधिक प्रकाशन र समयानुसार प्रगती प्रतिवेदन प्रकाशन गरिनेछ।

१०.नगर कार्यपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र मा.वि. तथा आधारभूत विद्यालयहरूमा CCTV जडान गरी गतिविधिहरू अनुगमन गरिनेछ।

११.उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यहरूलाई प्रभावकारी र पारदर्शी बनाउन उपभोक्ता समितिहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१२.विभिन्न दिवसीय कार्यक्रमहरू मनाउने कार्यलाई निरन्तरता दिइनेछ।

१३.अनुगमन प्रणालीलाई अझ सुदृढ गर्दै सेवा प्रवाह र गुणस्तरको सुनिश्चिता गरिनेछ।

## राजश्व परिचालन: (जनताको कर : विकासको आधार)

१. नगरपालिकामा राजस्व नियन्त्रण, संकलन र बाँडफाँड, प्राकृतिक स्रोत साधन र व्यवसायिक कर, पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून,मापदण्ड समसामयिक बनाइनेछ।

२. सबै आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने तथा आर्थिक क्रियाकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाई लगानी मैत्री बनाई उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रवर्द्धन गरिनेछ।

३. व्यवसायीहरूलाई करको दायरामा ल्याउन व्यवसाय दर्ता प्रक्रिया सहजीकरण गर्न व्यवसाय स्थलमा नै दर्ता गरी प्रमाणपत्र दिने कार्यलाई अभियानको रूपमा सञ्चालन गरिनेछ।

४. नगरपालिकाको भरपर्दो आम्दानीको स्रोत आन्तरिक राजश्व नै भएकोले आन्तरिक राजश्वको ठूलो हिस्सा ओगट्ने नदीहरूको ढुङ्गा,गिट्टी,बालुवाको उत्खनन्, संकलन, बिक्री र निकासीका सन्दर्भमा संघ र प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन तथा विद्यमान ऐन कानून बमोजिमका ठेक्का बन्दोबस्त गरी आन्तरिक राजश्व वृद्धि गर्दै लगिनेछ।

## बृन्दावन नगरपालिका भू-उपयोग नीति

१. कृषियोग्य भूमिको गैर कृषि प्रयोग, कृषि भूमिलाई बाँझो राख्ने प्रवृति र अनियन्त्रित खण्डीकरणलाई निरुत्साहित गर्दै कृषियोग्य भूमिको समुचित उपयोग एवम् संरक्षणलाई अभियानका रूपमा सञ्चालन गरिनेछ।

२. भूमीको उचित व्यवस्थापन तथा योजनाबद्ध बस्ती विकासका लागि नगर स्तरमा भूमापन गरी एकीकृत बस्ती विकास आयोजना सञ्चालन गर्न आवश्यक समन्वय र सहकार्य गरिनेछ।

३. स्थानीय उत्पादनको मूल्याङ्कन अभिबृद्धि (Value Chain) कार्यलाई जोड दिइनेछ।

**न्यायिक सम्बन्धी नीति**

१. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको स्थानीय न्यायिक अधिकारलाई न्यायिक समिति मार्फत कार्यान्वयमा ल्याइनेछ।
२. नागरिक स्तरमा हुने सानातिना विवादहरू मेलमिलापको माद्यमबाट समाधान गर्ने प्रत्येक वडामा मेलमिलाप कर्ता र नगर स्तरमा मेलमिलाप समिति गठन गरी विवादको समाधान गर्दै लगिनेछ।
३. न्यायिक समिति र मेलमिलापकर्ताको क्षमता विकासमा जोड दिइनेछ।
४. न्यायिक समितिका पदाधिकारी र मेलमिलापकर्ताको अनुभव आदान प्रदानका लागि अन्तर पालिका भ्रमणको व्यवस्था मिलाइनेछ।
५. न्यायिक समितिबाट भएका क्रियाकलापहरूको सफ्टवेयर मार्फत व्यवस्थित अभिलेख राख्ने व्यवस्था मिलाइनेछ।
६. निष्क्रिय रहेको न्यायिक समितिलाई सक्रिय बनाइनेछ।

**बजेट तर्फ (आय तथा व्ययको अनुमान)**

बृन्दावन नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को लागि प्रस्तावित आय र व्ययको अनुमान निम्नानुसार प्रस्तुत गरेको छु।

**आय तर्फ गरिएको अनुमान**

नगरपालिकाको आगामी आर्थिक २०८२/०८३ का लागि तपसिल बमोजिमको अनुमानित आय विवरण

**संघीय सरकार**

| | | | | |
|---|---|---|---|---|
| १.संघीय सरकार सशर्त (चालुगत) अनुदान तर्फ | = २० करोड | ७५ लाख | | |
| २. संघीय सरकार सशर्त (पूँजीगत) अनुदान तर्फ | = | ६१ लाख | | |
| ३. संघीय सरकार वित्तीय समानीकरण अनुदान तर्फ | = ११ करोड | ३६ लाख | | |
| ४. संघीय सरकार समपुरक अनुदान तर्फ | = ०१ करोड | ७१ लाख | | |
| ५. संघीय सरकार विशेष अनुदान तर्फ | = | ६९ लाख | | |
| ६. संघीय सरकार राजश्व वाँडफाँड तर्फ | = ११ करोड | ४२ लाख | ३८ हजार | ३३५ |

**प्रदेश सरकार**

| | | | |
|---|---|---|---|
| १. प्रदेश सरकार सशर्त अनुदान तर्फ | = | ९५ लाख | |
| २. प्रदेश सरकार वित्तीय समानीकरण अनुदान तर्फ | = | ७८ लाख | ७३ हजार |
| ३. प्रदेश सरकार राजश्व वाँडफाँड अनुदान तर्फ | = | ९४ लाख | २ हजार |
| ४. प्रदेश सरकार समपुरक अनुदान तर्फ | = | २० लाख | |
| ५. प्रदेश सरकार विशेष अनुदान तर्फ | = | ३० लाख | |

**आन्तरिक स्रोत**

| | | | | |
|---|---|---|---|---|
| १. आन्तरिक राजश्व अनुमान तर्फ | = ०४ करोड | ८५ लाख | ६५ हजार | |
| आन्तरिक तथा वाह्य स्रोतबाट प्राप्त हुने थप रकम | = ०३ करोड | ५० लाख | | |
| २. यस आ.व.बाट बाँकी रहन सक्ने (अल्या) रकम | = ०२ करोड | ५० लाख | | |
| **अनुमानित आय तर्फको जम्मा रकम** | **= ६० करोड** | **५७ लाख** | **७८ हजार** | **३३५ रूपैँया** |

- नगरस्तरीय योजना तथा कार्यक्रम सञ्चालनका लागि आन्तरिक तथा वाह्य सहयोगबाट प्राप्त हुने रकमलाई आधार मानी रू. ३,५०,००,०००।– बजेट सीमा निर्धारण भई आएकोमा तत्काललाई घाटा बजेट मानी बजेटमा उल्लेख गरिएको छ।

आ.व. २०८२।०८२ मा ११ करोड ८० लाख मध्ये १ करोड १० लाख कम समानीकरण अनुदान प्राप्त भएको छ भने राजश्व बाडँफाँडको रकम ११ करोड ९५ लाख मध्ये ९६ लाख कम प्राप्त भएको छ। यी आयका मुख्य स्रोतका रूपमा रहेका अनुदान निरन्तर घटिरहेको छ।

## व्यय तर्फको अनुमान

**(क)वडा कार्यालयहरूलाई रू. ५० लाखका दरले जम्मा रू. ४ करोड ५० लाख।**

**विषय क्षेत्रगत तर्फ**

| | | | | |
|---|---|---|---|---|
| १.सामाजिक विकास तर्फ | = २२ करोड | ७७ लाख | ३३ हजार | ३३५ |
| २.आर्थिक विकास तर्फ | = २ करोड | ३० लाख | ४५ हजार | |
| ३.भौतिक पूर्वाधार विकास तर्फ | = १० करोड | ४० लाख | | |
| ४.वन,वातावरण तथा विपत व्यवस्थापन तर्फ | = १ करोड | ०५ लाख | | |
| ५.संस्थागत विकास,सेवा प्रवाह र सुशासन तर्फ | = १करोड | ३० लाख | | |
| ६.कार्यालय संचालन तथा प्रशासनीक तर्फ | = १४ करोड | ४५ लाख | | |
| ७.संघ,प्रदेश र विभिन्न निकायसँग साझेदारी तर्फ | = २ करोड | ७५ लाख | | |
| ८.संघ तथा प्रदेश सरकारको फिर्ता गर्नु पर्ने रकम तर्फ | = १ करोड | ०५ लाख | | |
| **कुल जम्मा** | **= ५६ करोड** | **०७ लाख** | **७८ हजार** | **३३५** |

साथै, आगामी आर्थिक वर्ष २०८२/०८३ मा चालु **तर्फ रू. ३६ करोड ५० लाख (६०.२५ प्रतिशत)** र **पूँजीगत तर्फ रू. २४ करोड ७ लाख ७८ हजार ३३५ (३९.७५ प्रतिशत)** गरी **जम्मा रू. ६० करोड**

**५७ लाख ७८ हजार ३ सय ३५ रूपैँया** व्यय हुने अनुमान गरेको छु। यसमा न्यून हुने बजेट आन्तरिक तथा वाह्य स्रोत परिचालन गरी पूर्ती गर्ने सोच राखिएको छ।

आगामी आर्थिक वर्ष २०८२/०८३ को योजना तथा कार्यक्रमगत बजेट विनियोजनको विस्तृत विवरण बृन्दावन नगरपालिकाको वार्षिक नगर विकास योजना **(Red Book)** पुस्तिकामा प्रकाशित गरिने व्यहोरा निवेदन गर्दछु।

अन्य विभिन्न क्षेत्र तथा तहसँग सहकार्य, साझेदारीबाट प्राप्त हुने बजेट तथा कार्यक्रममा समन्वय तथा सहजीकरण गरी नतिजामुखी बनाइनेछ ।

**अन्त्यमा,**

नगरको समृद्धि र विकासमा नगरपालिकालाई संघ, प्रदेश र विभिन्न क्षेत्रगत सरकारी तथा गैर सरकारी संस्थासँगको सहकार्य एवम् साझेदारी र नगरवासीको चासो, चिन्तन र सहभागिताले टेवा पुऱ्याएको हुन्छ। यसमा राजनैतिक तथा बौद्धिक वर्ग, विकासप्रेमी, समाजसेवी, सहकारी तथा निजी क्षेत्र, सञ्चारकर्मी, नागरिक समाज समेतको साझा सहकार्य, सहयात्रा एवम् साझेदारी, समन्वय आवश्यक पर्दछ। यस तथ्य अनुरूप प्रस्तुत बजेटको कार्यान्वयनमा सबै सरोकारवाला पक्षहरूलाई निरन्तर सहयोग, समर्थन र सहकार्यका लागि सकृय भई योगदान गर्नुहुन आग्रह गर्दछु।

यस नीति तथा कार्यक्रम र बजेट तर्जूमा कार्यमा सहयोग गर्नु हुने राजनीतिक दल, जनप्रतिनिधि, संघसंस्था, समाजसेवी, बुद्धिजीवि, निजी क्षेत्र, गैर सरकारी तथा नागरिक समाज तथा बृन्दावन नगरबासीहरुमा आभार प्रकट गर्न चाहन्छु। यस कार्यमा अहोरात्र खटिने नगर कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरू र अन्य कर्मचारी मित्रहरुलाई विशेष धन्यवाद दिन चाहन्छु। यस नीति, कार्यक्रम तथा बजेट कार्यन्वयनमा सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा गरेको छु। जय बृन्दावन ...

**धन्यवाद !**